हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : २५२ पृष्ठ : ४ २०७७ चैत्र ३१ गते मंगलबार (Tuesday 12 April 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस् सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## लहानमा फेरि सुनचाँदी व्यवसायीको घरमा डकैती







■ फिरोज शेख

**लहान ।** हतियारधारी डाँका समूहको आक्रमणबाट लहान नगरपालिका–२३ गढिया चोकमा सुनचाँदी पसल गर्दै आएका प्रदिप विश्वकर्माको हत्या र लुटपाट घटना सेलाउन नपाउदै लहान –७ का सुनचाँदी व्यवसायीको घरमा फेरी डकैती भएको छ । हतियारधारी ६/७ जनाको डाँका समूह सोमबार साँझ राजेश शारडाको घरमा प्रवेश गरी उनका उनका छोरा गौरवको कन्चटमा पेस्तोल तेर्साएर करोडौंको सुनचाँदी लुटेर लगेका छन् । हतियारी समूहले बुबा भगिरथ र राजेशका पत्नी मंजुदेवीलाई धारिलो हतियारले टाउको र शरीरमा प्रहार गरेका थिए । हतियारधारी समूहले दुई वटा दराजको लकर फोडेर सुनचाँदी लुटेको भगिरथ सारडाले बताए । डाँका समूहले शारडाको बा १० च ९३०२ नम्बरको जीप समेत लिएर गएका थिए । गौरव सारडा साँझ करिब साढे ६ बजे गाडी लिएर घरको कम्पाउण्ड भित्र प्रवेश गर्दा तिन जना डाँकाहरू पहिला देखि नै घरसंगै रहेको गार्डेनमा लुकेर बसिरहेका थिए ।

'त्यसको करिब १५ मिनेट पछि तिनै जना दुई वटा पेस्तोल र घरेलु हतियार सहित मेरो कन्चटमा पेस्तोल तेर्साउदै घर खोल्न लगाउँदा आमाले घर खोल्नु भयो,' गौरबले भने 'म भागेर घर भित्र पस्न खोज्दा उनीहरूले आमा र हजुर बुबालाई नियन्त्रणमा लिएर घरेलु हतियारले कुटपिट गर्दै सुनचाँदी लुटेर म संग गाडीको साँचो लिएर भागे ।'

उनका अनुसार करिब २० देखि २५ वर्ष उमेर समूहका उक्त डाँकाहरू बिना मास्कमा थिए । यसैबीच घटना भएको केहि समय पश्चात सशस्त्र प्रहरीका डिएसपी बिनोद थापाको कमान्डमा गएको टोलीले चारैतिर हाइएलर्ट गराएपछि घटनाको डेढ घण्टा पछि गाडी सिरहाको बेल्हा भन्ने ठाउँमा फेला पारेको थियो ।

यसैबीच लहानमा निरन्तर भइरहेको घटनाका कारण असुरक्षित भएको भन्दै फितलो सुरक्षा व्यवस्थाको स्थानीयले

——— बाँकी ३ पेजमा




### हार्दिक बधाई - हार्दिक बधाई

**Dish Home Recharge गरी बैंकक सरर .....**

हिकोला मिडिया लहानका ग्राहक सुमन चौधरीले (Cash ID 025/9250885) हरेक हप्ता बिहीबार हुने Lucky Draw मा नेपालमै पहिलो बाजी मारेर एक हप्ताको लागि २ जनाले बैंकक सरर ... घुम्ने उपहार पाउनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै Dish Home को सबै ग्राहक महानुभावहरुलाई Dish Home Recharge गरी हरेक हप्ता बिहीबार हुने Lucky Draw मा सहभागी बनी बैंकक खुशीको उडानको लागि मौकाको फाइदा उठाउन हुन अनुरोध गर्दछु ।

**हिकोला मिडिया सेन्टर**
अधिकृत बिक्रेता लहान

## कल्याणपुर नगरपालिकामा जनप्रतिनिधि नै आन्दोलित

■ बिनय यादव

**सिरहा ।** सिरहाको कल्याणपुर नगरपालिकामा जनप्रतिनिधि नै आन्दोलित बनेका छन् । विभिन्न माग राखी नगरपालिकाका वडाध्यक्ष र कार्यपालिका सदस्यहरु आन्दोलनमा उत्रेका हुन् ।

नगरपालिकाका १२ जना वडाध्यक्षमध्ये ८ वडाध्यक्ष र ७ जना कार्यपालिका सदस्यले नगरपालिकामा तालाबन्दी गरेका छन् । विभिन्न ११ बुँदे माग राखी सोमबार उनीहरुले नगरपालिकामा ताला लगाएका छन् ।

नगरपालिकामा जनहितका विषय प्राथमिकतामा नै नदेखिएको र नगरप्रमुख तथा प्रशासकीय अधिकृतको मिलेमतोमा व्यापक अनियमितता हुँदै आएको उनीहरुको आरोप छ । मेयर र प्रमुख प्रशासकिय अधिकृतको मिलेमतोमा कार्यपालिकालाई जानकारी नदिई कमिसन र घुस लिई सेटिङमा विभिन्न कार्यहरू हुँदै आएको वडा ३ का वडाध्यक्ष अशोक मण्डलले बताए ।

नगरपालिकामा भएको अनियमितताको छानबिन, आयव्यय पारदर्शी, कार्यपालिका बैठक नै नबसी मनपरि तरिकाले भएको नियुक्ति खारेज, पोखरी ठेक्का प्रक्रियालाई पारदर्शी गर्नुपर्ने, अधिकृतले आफूखुसी बाँडेको योजनाहरु बदर गरी कार्यपालिकाको निर्णय अनुसार गर्नुपर्ने, सबै जनप्रतिनिधिहरुको जानकारी विना हुने गरेको नगरस्तरीय योजनाको उपभोक्ता समिति गठन कार्य रोक्नुपर्ने लगायतका माग उनीहरुको छ ।

——— बाँकी ४ पेजमा



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# शान्ति सुरक्षाप्रति नागरिक चिन्ता

यतिखेर मुलुक राजनीतिक अस्थिरताको दलदलमा भासिदैछ । झन्डै दुई तिहाईको ओली सरकार आफ्नै पार्टी व्यवस्थापन गर्न नसक्दा टुटफुटको संघारमा छ । नेकपालाई सर्वोच्च अदालतको निर्णयले पुरानै अवस्थामा पुऱ्याई दिएपछि प्रम ओलीले क्षणिक सत्ता र शक्ति हात पारेपनि साविक एमाले माधव पक्षबाट दिन प्रतिदिन समानान्तर कमिटी गठन तथा खुल्ला चुनौतीका कारण कमजोर हुँदै गइरहेको छ । उता जसपा यता न उताको स्थितिमा छ । ठाकुर र महतो ओलीतर्फ तथा उपेन्द्र र बाबुराम चाहिं देउवातर्फ देखिन्छन् ।

ठिक यही बेला अस्थिरताको फाइदा उठाउँदै मुलुकमा हत्या, हिंसा, चोरी, डकैती बढदो छ । सुरक्षा संयन्त्रले यही बेला चनाखो र चुस्त हुनुपर्छ । जब जब मुलुकमा अस्थिरता, कमजोर सरकार, लथालिङ्ग राजनीति देखा पर्छ तब तब प्रहरी प्रशासनका लागि नागरिक सुरक्षामा चुनौती थपिन्छ । प्रहरी प्रशासन हरदम चुस्त र चनाखो हुनुपर्छ । झन यतिखेर कतिबेला कहाँ के हुने हो ? भन्ने ख्याल राखेर सुरक्षा तैनाथी बढाउनु पर्छ । गुप्तचरी, जासुसी, गैर पोशाकी सुरक्षा संयन्त्र तथा राष्ट्रिय अनुसन्धानलाई यतिबेला अझ सक्रिय र तीव्र क्रियाशील बनाउनु पर्छ । नागरिकको धनजन र सार्वजनिक सुरक्षा सुनिश्चित गर्न नेतृत्वले होशियारपूर्वक मातहतका अंगलाई कडा नीति निर्देशन दिनु पर्दछ ।

अहिले पनि बिखण्डन र प्रतिक्रान्तिका सपना देख्नेहरु यी र यस्ता मौका पर्खेर बसेका हुन्छन् । मौका पाउनासाथ हत्या, हिंसा र आतंक सिर्जना गर्न उद्दत हुन्छन् । यसैको पछिल्लो पुनरावृत्ति हो, चैत १ गतेको लहान मालपोत कार्यालयको बम विस्फोटको घटना । जनता मारेर जनताको शासन र जनअधिकार स्थापित गर्छु भन्नेहरु सजिलै आतंकको बाटो समात्छन् र राजनीतिमा स्थापित हुन खोज्छन् । सिके राउत र बिप्लवहरु तत्काल राजनीतिको मूलधारमा आएतापनि तराईका सशस्त्र समूहहरु भूमिगत नै छन् । हुन त फ्रान्सका लुई चौधौंको मानस पुत्र नै नभएपनि एक समय प्रचण्डले जेलाई क्रान्ति भन्ने गरेका थिए त्यो नेपालीका लागि विध्वंस सिद्ध भइसक्यो ।

सिरहामा यतिखेर लूटपाट, डकैती, अपहरण तथा हत्याको घटना बढदो छ । शनिबार राति लहान-२३ मा सुनचाँदी व्यवसायी प्रदीप विश्वकर्माको गोली हानी हत्या र उनकी श्रीमतीलाई मरणासन्न हुनेगरी गरिएको प्रहारले सिरहाली जनता र सुरक्षा संयन्त्र पनि चिन्तित बनेको हुनुपर्छ । यस्तै बरियारपट्टी गाउँपालिका-५ का सोमनाथ यादव ४ दिनदेखि बेपत्ता छन् । उनको अपहरण भएको हुनसक्ने आशंका छ । सो अपहरण घटना तथा लहान मालपोत कार्यालयमा बम विस्फोट घटना दुवैमा लक्ष्मीपुर पतारी गाउँपालिका-३ का २० वर्षीय राम जतन मुखियालाई समातेर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले बताएको छ । यसअघि पनि लहानका प्रतिष्ठित सुनचाँदी व्यवसायी विकास सारडाको पसलमा बम विस्फोट गरिएको थियो । सदन चलिरहेको बेला भएको त्यस घटनामा यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने सांसद प्रदीप गिरिले संसदमा जोडतोडले घटनाको भत्सर्ना गर्दै आवाज उठाएका थिए । फेरि त्यस्तै झन् हत्या नै भएको घटनामा सदन चलिरहेको वर्तमान परिप्रेक्ष्यमा सांसद गिरिले जनआवाज मुखरित गर्नेछन्, आशा गर्न सकिन्छ ।

अहिले प्रतिगमन सच्चिएर संसद पुनर्स्थापना भएपछि गिरिको ओजस्वी प्रतिध्वनि संसदमा गुन्जेको छैन । सिरहाको चुकेको शान्ति सुरक्षा र देशको वर्तमान राजनीतिक अवस्थाको बारेमा गिरिले मुख खोल्नु जरुरी छ । उनको सारगर्भित मन्तव्यमा सिरहाली जनता पक्कै सुरक्षाको अनुभूति गर्छन् र हाम्रो लागि बोलिदिने हाम्रो सच्चा प्रतिनिधि माथि छन् भनी आश्वस्त हुनेछन् । भनिन्छ , सुरक्षाको सबालमा प्रत्येक नागरिक प्रहरी र प्रत्येक प्रहरी नागरिक हुन् । प्रत्येक नागरिकको सहयोगले नै दिगो सुरक्षा, शान्ति अमनचयन कायम राख्न मद्दत मिल्दछ । यस सम्पादकीय लेख्दै गर्दा लहानका सुनचाँदी व्यवसयी राजेश शारडाको घरबाटै सुन तथा नगद लुटिएको छ । यसर्थ लहानकै शान्ति सुरक्षाको अवस्थाबारे भनिरहनु नपर्ला । सबैलाई चेतना भया ।

# सामाजिक संस्था संचालनमा चुनौती

सन्तोष तिमल्सिना



आफ्नो समाज र देशको विकासका लागि केही गरौं भन्ने भावना धेरैमा हुन्छ । फरक यति छ, कसैका सपना साकार हुन्छन् त कतिका अधुरै रहन्छन् । समाजका लागि केही गरौं भन्ने सोच, जोस र ऊर्जाका साथ समाजको चौतर्फी विकास, सामाजिक न्याय र परिवर्तनका लागि सामाजिक संघसंस्था स्थापना गरिन्छन् ।

संस्था गठन गर्न जति सजिलो छ संस्थाको दिगो विकास, उचित व्यवस्थापन र प्रभावकारी संचालन त्यति नै कठिन हुन्छ । सामाजिक संस्था स्थापना हुने, केही समय संचालन गरिने र पछि विस्तरै निस्क्रिय हुने गरेका उदाहरण देखिन्छ । एउटै संस्था लामो समयसम्म सञ्चालनमा रहेको निकै कम भेन्टिन्छ । स्थापनाकालमा सुनौलो आशाको किरण लिए भुल्किएका संस्थाहरु समयको गतिसँगै अस्ताएर गएका छन् ।

नेपालमा सामाजिक संघसंस्थाको इतिहासका हेर्दा सामाजसेवा, कला, संस्कृतिको संरक्षण, पर्यटकीय क्षेत्रको प्रर्वद्धन, सामाजिक न्याय, विकास र समृद्धिका लागि धेरै संस्था स्थापना भए पनि निरन्तरता पाउन नसकेका देखिन्छन् । सुरुका अवस्थामा सबै सामाजिक संस्थाहरूका कार्य प्रगति प्रशंसनीय रहेका छन् । तिनको कार्यशैलीले समाजलाई समेत आकर्षित गरेको पनि पाइन्छ ।

चलायमान समयको गतिसँगै ती संस्थाको यात्रा भने क्रमशः ओरालो लाग्दै गएको हामी सहजै अनुमान गर्न सक्छौं । कुशल नेतृत्व, समयसापेक्ष कार्ययोजना, भावी कार्यक्रम र रणनीतिको निर्माण गर्न नसक्दा समाजिक संस्थाले फड्को मार्न सकेनन् । संस्थाको उद्देश्य प्राप्तिका गरिने कार्य अनुकूल नीति, नियम र कार्यविधि नहुँदा पनि कतिपय संस्था समस्यामा परेका छन् ।

संस्था दर्ता गर्न छुट्टै विधानको आवश्यकता पर्छ । संस्था दर्ता गर्दाको बखतमा धेरैले नमुना विधान अर्थात् त्यस्तै प्रकृतिका संस्थाको विधानमा नाम, ठेगाना, उद्देश्य, कार्यलगायत केही दफामा साान्य परिवर्तन गरेर संस्था दर्ता गर्ने प्रचलन छ । यसरी नक्कल गरिएका विधान नै सामाजिक संस्था संचालनका लागि बाधक साबित भएका छन् । कतिपय सामाजिक संस्थामा कुनै खास कार्यक्रम तथा परियोजना संचालनका लागि कार्यविधि नै नभएको पनि देखिन्छ । फलस्वरुप परियोजना तथा कार्यक्रम संचालन गर्न कठिन हुन्छ । नेपालमा धेरै संस्था स्थापना भए । केही दलगत राजनीतिका कारण निस्क्रिय भए, केही कुशल नेतृत्व पाउन नसकेर बन्द भए त केही समय अनुकूल संचालन हुन नसकेर निस्क्रिय भए । संस्था आफैं सक्रिय र निस्क्रिय हुने भने हैन । संस्थाको क्रियाशीलता नेतृत्वको भूमिकाअनुसार हुने गर्दछ ।

नेतृत्व संस्थाप्रति जिम्मेवार र जवाफदेही हुनुपर्छ । नेतृत्व गर्ने व्यक्तिले संस्थाको उद्देश्य, काम कर्तव्यलाई इमानदारीपूर्वक पूरा गर्ने प्रतिबद्धताका साथ लाग्ने हो भने निरन्तरता दिन असम्भव हुँदैन । नेतृत्वमा आर्थिक पारदर्शिता, सुशासन, जिम्मेवार, दूरदर्शी दृष्टिकोण हुने हो भने संचालनका क्रममा आउने विभिन्न आरोह अवरोहलाई पार लगाउन सकिन्छ ।

सामाजिक संस्थामा व्यक्तिले पदलाई हैन पदले व्यक्तिलाई छान्ने हुनुपर्छ । व्यक्तिगत स्वार्थ नभई सामाजिक त्यागको भावना हुने व्यक्तिलाई नेतृत्व दिने हो भने व्यक्ति मर्न सक्छ तर संस्था कहिल्यै मर्दैन । आफूले जन्माएको संस्था बाँच्नुपर्छ भन्ने भावनामा आफू संस्थाको जिम्मेवार पदमा नरहे पनि अभिभावकत्व निर्वाह गरी त्यसको संरक्षण गर्ने दायित्व बोध नहुन्जेलसम्म मुनाफारहित जनहितकारी सामाजिक संघ संस्थाहरूले निरन्तरता पाउन सक्दैनन् ।

दृढ संकल्प, निःस्वार्थ भावना, मन र मस्तिष्कमा संस्थाप्रतिको माया, केही त्याग, तपस्या, स्वयंसेवी भावना नेतृत्वमा हुन्थ्यो भने सबै सामाजिक संस्था जीवित रहने थिए । हामी सबैलाई अर्ती, उपदेश दिन आउँछ तर अपनाउन जान्दैनौ । आफूलाई बुद्धिजीवी भन्छौं, आफैं आदर्श ठान्छौं । समाजका अग्रजहरूको अनुभूति, सुझावलाई स्वीकार गर्न आनाकानी गर्छौं । समस्या यसैमा छ ।

नेतृत्वमा आफ्नो जिम्मेवारी, काम र कर्तव्य पालना गर्नुभन्दा पनि अधिकारमात्र खोज्ने प्रवृत्तिका कारण आफ्नै बगैंचामा हुर्कँदै गरेको सामाजिक संस्थाको कलिलो मुना आफ्नै हातबाट निमोठिएको समेत कतिपयलाई पत्तै छैन । मालीले कोपिलामै फूल झरेको पत्तो नपाउने अनि दोष भमरालाई दिनुको के अर्थ ?*साभार : बाह्रखरीबाट*

नयाँ वर्षको शुभकामना
नयाँ वर्ष
२०७८ को उपलक्ष्यमा सम्पूर्ण देशवासी, नगरवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
होटल प्यासिफिक, लहान सिरहा
प्रोपराईटर : सुनिल कुमार चौधरी

नयाँ वर्षको शुभकामना
नयाँ वर्ष
२०७८ को उपलक्ष्यमा सम्पूर्ण देशवासी, नगरवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मोडेल हेल्थ केयर पोलिक्लिनिक
सुरुङ्गा नगरपालिका-५ कुशहा, सप्तरी

नयाँ वर्षको शुभकामना
नयाँ वर्ष
२०७८ को उपलक्ष्यमा सम्पूर्ण देशवासी, नगरवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सेती ईंग्लिस बोर्डिङ स्कुल मधुपट्टी ४ कनकपुर (सप्तरी)
संस्थापक : रामचन्द्र यादव

नयाँ वर्षको शुभकामना
नयाँ वर्ष
२०७८ को उपलक्ष्यमा सम्पूर्ण देशवासी, नगरवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लहान पोष्ट दैनिक परिवार ।

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लाभ,हानी, आय,व्यय, सुख,दुख बराबरी मध्यम खालको दिन छ, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । साँझमा केही पैसा हातपर्न सक्छ ।

**वृष** :- छोटो दुरीको लाभदायक यात्रा रहला । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ट व्यक्तिको साथ पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन**:- घरमा अतिथीको आगमन हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** :- न्यायिक कार्यमा सफलता मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । लाभदायक यात्रा रहला ।

**सिंह**:- दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्ने छन् । वित्तीय संस्थाबाट सहयोग पाईनेछ ।

**कन्या** :- मनमा दुविधा उत्पन्न हुनेछ । मनमा निरासा र शरीरमा आलस्य आउला । आ' नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । प्रेममा विवाद पनि आउला ।

**तुला** :- मनमा शान्ति र अनुहारमा कान्ति छाउला । दाम्पत्य जीवन सुखमय हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । भोज भतेरमा सहभागी भईनेछ ।

**वृश्चिक** :- आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ । इच्छा र आकांक्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।

**धनु** :- सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । अतिथिको रुपमा सत्कार पईनेछ । वैदेशिक क्षेत्रबाट पनि सफलता मिल्नेछ ।

**मकर**:- विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । ताके अनुरुप काम नबन्दाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**कुम्भ**:- आज सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । दैनिक कार्यमा सफलता पाईनेछ । व्यापार व्यवसायमा पनि सफलता पाईनेछ ।

**मिन** :- आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । शेयर बजारको कारोबारमा पनि सफलता मिल्न सक्छ ।

# फाइनल चरणको खेलमा कुशहा विजयी

**रोहित कुमार मण्डल**

सप्तरी । सप्तरीको सुरूङ्गा नगर पालिका-४ मधुपट्टी वीरनगरमा आयोजित मेयर भलिबल कप प्रतियोगितामा सुरूङ्गा नगरपालिका-५ कुशहा फाइनल चरणको खेलमा विजयी भएको छ ।

प्रगतिशिल युवा क्लब मधुपट्टी वीरनगरको आयोजनामा "राष्ट्रियताको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद" भन्ने मूल नाराका साथ चैत्र २२ गते देखि सुरु भएको मेयर भलिबल कप प्रतियोगितामा सुरूङ्गा नगर पालिका-५ कुशहाले सुरूङ्गा नगरपालिका -९ टिकुलियाँलाई १७- १९ , २५- २२, १९-१७ सोझो सेटले पराजित गर्दै विजयी हात पारेका हो ।



विजयी भएका कुशहा टिमलाई सुरूङ्गा नगरपालिकाका नगर प्रमुख मुक्तिनाथ चौधरी तथा सुरूङ्गा नगरपालिका-४ का वडाध्यक्ष देवेन्द्र चौधरी, जे.एस.मुरारका बहुमुखी क्याम्पस लहान सिरहाका सभापति अशोक चौधरी र आयोजक प्रगतिशील युवा क्लबका अध्यक्ष तरूण चौधरीले प्रमाण पत्र, मेडल तथा विजयी टिमलाई नगद २१ हजार तथा उप-विजेता टिमलाई नगद ११ हजार र प्रमाण पत्र तथा मेडल प्रदान गरेका थिए । विजयी भएका टिमका रामसुन्दर चौधरी तथा उप विजेता टिमका प्रशान्त चौधरी उत्कृष्ट खेलाडि भएका थिए ।

र सहकार्य गरेर समस्या समाधान गर्नुपर्थ्यो,' उनले भनिन्, 'तर, कुनै संवाद नै नगरी ताला लगाइयो ।'

कल्याणपुर नगरपालिकामा मेयरमा निर्वाचित सूर्यनाथ मण्डल घुस प्रकरणमा मुछिएपछि निलम्बित छन् । त्यसयता नगरपालिकाकी उपमेयर यादवले कार्यवाहक मेयरको रूपमा कार्यभार सम्हाल्दै आएकी छिन् । नगरपालिकामा १२ वटा वडामध्ये ६ वटा वडामा तत्कालीन राजपाका, ३ वटामा तत्कालीन एमालेका, २ वटामा कांग्रेसका र एउटामा स्वतन्त्र वडाध्यक्ष छन् । मेयर र उपमेयर कांग्रेसको भएपनि कार्यपालिकामा उसको बहुमत छैन । जसकारण यहाँ पटकपटक विवाद चल्दै आएको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक

लहानपोस्ट LAHANPOST DAILY

# एक दिने निः शुल्क पशु स्वास्थ शिविर सम्म्पन

**रोहित कुमार मण्डल**

**सप्तरी** । सप्तरीको सुरूङ्गा नगर पालिका-७ हरिपुरमा एक दिने निःशुल्क पशु स्वास्थ शिविर सम्म्पन भएको छ ।

लहान प्राविधिक शिक्षालय लहान सिरहाको आयोजना तथा सुरूङ्गा कृषि सहकारी संस्था लिमिटेड हरिपुर-७ को सहयोगमा भएको सो एक दिने पशु स्वास्थ शिविरमा हरिपुर, पोखरीया, चकदह, बसानपट्टी लगायतका २ सय ४० जना कृषकहरूले आफना पशुहरूलाई भ्याक्सिन लगाएर प्रत्यक्ष लभान्वित भएको सहयोगी संस्था सुरूङ्गा कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष बिरेन्द्र प्रसाद ठाकुरले जानकारी दिए ।

शिविरमा लहान प्रविधिक शिक्षालय लहान सिरहाका डा. प्रदिप कुमार मण्डल, मिन बहादुर सिंह, बिनोद कुमार यादव, बच्चेलाल मुखिया लगायत ५५ जना भेटनरी प्ररिक्षार्थीहरू सहभागिता रहेको सुरूङ्गा कृषि सहकारी संस्था लिमिटेडका सचिव बसन्त कुमार साहले जानकारी दिए ।

शिविरमा सहगोग गरेका सम्पूर्ण सहभागिहरूलाई सुरूङ्गा नगर पालिका-७ हरिपुरका वडाध्यक्ष शिव नरायण चौधरी, वडा सदस्य शान्ति देवी मण्डल, सहयोगि संस्गाका अध्यक्ष बिरेन्द्र ठाकुरले दोसल्ला, फूलमाला तथा अबिर लगाएर सम्मान गरेका थिए ।

## कल्याणपुर ...

नगरपालिकाले ९ महिनादेखि समाजिक सुरक्षा भत्तासमेत वितरण नगरेको र यसबारे नगरपालिकालाई पटकपटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरेको कल्याणपुर-११ का वडाध्यक्ष राजेश्वर यादवले बताए । उनले नगरपालिकाका बेथितिहरू समाधानका लागि आफूहरू पटकपटक प्रयास गरेपनि वास्ता नभएको र अन्त्यमा तालाबन्दी गर्नुपरेको सुनाए । 'हामीले पटकपटक ध्यानाकर्षण गरायौं, तर वास्ता भएन,' उनले भने, 'अब निकास नआएसम्म ताला खुल्दैन ।'

यस सम्बन्धमा कुरा गर्न नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत जयप्रकाश दासलाई पटकपटक फोन गर्दा फोन उठेन ।

**कार्यवाहक मेयर यादव भन्छिन् - जानकारी नै नदिई तालाबन्दी गरियो**

नगरपालिकाकी कार्यवाहक मेयर रोहिनी यादवले भने आफूलाई कुनै जानकारी नै नदिई तालाबन्दी गरिएको दाबी गरिन् । 'तालाबन्दी गर्नुभन्दा पहिला जानकारी गराउनुपर्थ्यो, संवाद

## जनहितमा जारी सूचना

- जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद,बसाई-सराई जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौ/गराऔं ।
- विकास निर्माणको काम उपभोक्ता समिति मार्फत जनसहभागीतामा समयमै सम्पन्न गरेर फर्छौट गरौं अर्थात विकास निर्माण काममा बिलम्ब नगरौं ।
- कृषि पशुपालनमा युवा सहभागीता बढाएर स्वरोजगार सृजना गरौं ।
- छोरा छोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोट-बिरुवा रोपौं, हरियाली बढाऔं ।
- सीप सिकौं स्वावलम्बी बनौं ।
- भुकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सुरक्षित जीवन यापन गरौं ।
- हिंसा मुक्त परिवार हामी सबैको सरोकार ।
- पिउने पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं ।
- आफ्नो घर आंगन सफा राखौं ।

४ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

५ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

११ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

२२ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

१७ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

१६ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

१९ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

१८ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)